आज मिति २०८०।०८।२६ गतेका दिन यस चौदण्डीगढी नगर नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको १०९ औं बैठक तपसिलको उपस्थितिमा बसियो ।

## तपसिल उपस्थिति

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - उप प्रमुख
३. श्री ध्रुवराज आचार्य - प्रमुख प्रशासकीय अधिकृत
४. श्री शेरहितमान तामाङ - अध्यक्ष वडा नं. १
५. श्री सन्तोष सुवेदी - " २
६. श्री परशुराम राई - " ३
७. श्री चरण कुमार राई - " ४
८. श्री देव नारायण चौधरी - " ५
९. श्री कमलध्वज राई - " ६
१०. श्री तेजराज तिम्सिना - " ७
११. श्री श्याम कुमार मगर - " ८
१२. श्री प्रकाश राउत - " ९
१३. श्री राम कुमार खड्का - " १०
१४. श्री देवि कार्की - न. का. स.
१५. श्री जानुका कमर - न. का. स.
१६. श्री मदन कुमारी कार्की - "
१७. श्री विमला राई - "
१८. श्री अस्मिता नेपाली - "
१९. श्री प्रमिला लुवार - "
२०. श्री सुन्दर प्रकाश साह - "

## प्रस्तावहरु

१. निर्माणाधिन कोभिड अस्पताल भवनको Variation सम्बन्धमा ।
२. 'घ' वर्गको निर्माण इजाजत दिने सम्बन्धमा ।
३. IEE गर्ने ToR स्वीकृत गर्ने सम्बन्धमा ।
४. हात्तिको क्षतिको राहत सम्बन्धमा ।
५. कार्यालय सहयोगी करार सेवामा नियुक्ति गर्ने सम्बन्धमा ।
६. CCMC र DCCMC को निर्णयहरु कार्यान्वयन सम्बन्धमा ।
७. दुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय इटहरीको सिफारिस सम्बन्धमा ।

Scanned with CamScanner

## छलफल तथा निर्णयहरु

निः नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा यस न.पा. को वडा नं. ६ बेल्टारमा धुलिखेल-सुयम-आदित्य-रेग्मी (जे.भी.) सँग सम्झौता गरी कोभिड अस्पताल भवन निर्माण कार्य भइरहेकोमा हाल नं.पा. र ठेकेदार कम्पनी का प्राविधिक बाट उक्त भवनको अवलोकन र स्वीकृत स्टीमेटको अध्ययन गर्दा उक्त भवनमा स्टीलको केही परिमाण स्टीमेटमा छुट्न गएको र छुटाको गारो मजबुद र लिन्टेल-को सपोर्टको लागि छुटाको गारोको भवन बढेको हुँदा सम्झौता रकमको ५.८४ प्रतिशतले बढ्न जाने रकम बमोजिमको Variation स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस न.पा. को घ'वर्गको निर्माण इजाजत कार्यविधि बमोजिम प्रक्रिया पुरा गरी यस न.पा. मा निर्माण इजाजतको लागि निवेदन पेश गर्ने तपसिलका फर्महरुलाई घ'वर्गको निर्माण इजाजत दिने निर्णय गरियो ।

तपसिल

१. आर.के.एस. निर्माण सेवा, चौ.न.पा. ७ - प्रो. सागर राई समेत

नि.नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा चौ.न.पा. ८ बस्ने राजु राईको माग निवेदन अनुसार निजले चौ.न.पा. १ बस्ने कुमार बहादुर राईको नाममा रहेको कित्ता नं. १३६ / नक्सा नं. चाँदनी ५ क र कित्ता नं. ११ / नक्सा नं. चाँदनी ५ ग को जग्गाबाट स्काभेटर प्रयोग गरी जग्गा सम्याउने र सो क्रममा निस्किएको ढुंगा तथा ग्राभेल उत्खनन तथा संकलन गरी बिक्रीवितरण गर्न प्रारम्भिक वातावरणीय अध्ययन (IEE) को लागि प्राविधिक कन्सलटेन्ट बाट TOR पेश गरेको हुँदा उक्त TOR स्वीकृत गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

नि.नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस न.पा.को विभिन्न वडाहरूमा जंगली हात्तिको कारण अन्नबालिको क्षति भएको र उक्त क्षतिको राहतको लागि वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा तपसिले अनुसार राहत उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१. भोलानाथ चौधरी - हात्तिले धानबाली खाएको - रु.२०००।-
२. भोटल चौधरी - हात्तिले धानबाली खाएको - रु.२०००।-

नि.नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा हाल न.पा.को प्रशासनीक भवनमा सबै शाखाहरु संचालन गर्न भवन अभाव भएको कारण न.पा.को एम.आइ.एस., सामी तथा मनोसामाजिक परामर्श सेवा केन्द्र शाखाहरु ~~अन्य~~ घरभाडामा लिई अफिस संचालन गरिएको र उक्त शाखाहरुबाट १ जना कार्यालय सहयोगी माग भई आएको र यस न.पा.को वडा नं. ८ बस्ने विमला कोइरालाले न.पा.मा कार्यालय सहयोगी पदमा काम गर्न इच्छुक भई निवेदन समेत दिएको हुँदा निजलाई मिति २०७७ साल मंसिर २ गते बाट लागु हुने गरी न.पा.को उक्त शाखाहरुमा खटाउने गरी कार्यालय सहयोगी पदमा करार सेवामा नियुक्ति गर्ने र निजलाई न.पा.को करार सेवा शुल्क तर्फको रकमबाट तलब उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा हाल कोभिड-१९को महामारी तिव्र रुपमा समुदाय स्तरमा फैलिएको साथै देशभर तथा यस न.पा. क्षेत्रमा समेत संक्रमित हुने र मृत्यु हुनेको संख्या वृद्धि भइरहेको हुँदा यस न.पा.को CCMC को मिति २०७७/०७/१८ गते निर्णय साथै DCCMC को मिति २०७७/०७/२६ गतेको निर्णय र जिल्ला सुरक्षा समितिको मिति २०७७/०७/२४ गतेको निर्णय हरु पूर्ण रुपमा कार्यान्वयन गर्ने र उक्त निर्णय अनुसार दिपावली तथा छठ पर्वको बेलामा देउसी भैलो, छठ पुजा, खेलकुद गतिविधि संचालन गर्न निषेध गर्ने निर्णय गरियो । साथै हालको अवस्थालाई मध्येनजर गर्दै यस न.पा. तथा वडा कार्यालयहरुबाट प्रवाह हुने अत्यावश्यक बाहेकका सेवा हरु मिति २०७७/०७/२७ २८ गते बन्द गर्ने निर्णय गरियो ।